# कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि,

## २०७९ (प्रथम संसोधन २०८०)

१. **प्रस्तावनाः** माथागढी गाउँपालिका कृषि तथा पशुपालनको क्षेत्रमा प्रशस्त सम्भावना बोकेको गाउँपालिका हो । यहाँका अधिकांश मानिसहरूले मुख्य पेशाको रुपमा कृषि तथा पशुपालन पेशालाई अबलम्वन गरेका छन् । यसरी यस पालिकाका कृषकहरुलाई व्यवसायिक र प्रतिष्पर्धी बनाई उनीहरूको आयआर्जन वृद्धि गरी स्वाबलम्बी बनाउन बाञ्छनीय भएकोले यो कार्यविधि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी माथागढी गाउँपालिकाले देहायको कार्यविधि जारी गरेको छ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "गाउँपालिका" भन्नाले माथागढी गाउँपालिकालाई सम्झनुपर्दछ ।

(ख) "अध्यक्ष" भन्नाले माथागढी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

ग) "उपाध्यक्ष" भन्नाले माथागढी गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले माथागढी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

ङ) "वडा" भन्नाले माथागढी गाउँपालिकाको सबै वडाहरुलाई सम्झनु पर्दछ ।

च) "सहकारी" भन्नाले कृषि तथा पशुजन्य वस्तु उत्पादनमा संलग्न माथागढी गाउँपालिका भित्रका सहकारीहरू लाई जनाउनेछ ।यस शब्दले माथागढी गाउँपालिकाका कृषकहरुको कृषिजन्य उत्पादन खरिद गर्ने आसपासका सहकारीलाई समेत जनाउनेछ ।

(छ) "तरकारी" भन्नाले फूलगोभी, बन्दागोभी, केराउ, बोडी, सिमी, साग, गोलभेडा, आलु, लौका, चिचिण्डा, घिरौला, पार्टघिरौला, भन्टा, फर्सि, काक्रा, स्कुस, परवर, पिडालु, च्यांउ लगायतका तरकारीको रुपमा प्रयोग हुने वस्तुलाई जनाउछ।

(ज) "फलफूल" भन्नाले कागती, जुनार, सुन्तला, अम्बा, आप, लिची लगायतका फलफुलको रूपमा प्रयोग हुने वस्तुलाई जनाउँछ ।

अध्यक्ष

झ) "मसलाजन्य वस्तु" भन्नाले लसुन, प्याज, खुर्सानी, अदुवा, हलेदोलगायत मसलाको रूपमा प्रयोग हुने वस्तुलाई जनाउनेछ ।

ञ) "व्यापारी" भन्नाले माथागढी गाउँपालिकामा व्यवसाय दर्ता गरी पान नं लिएको माथागढी गाउँपालिका भित्र उत्पादित कृषिजन्य सामाग्रीलाई व्यापार गर्न सहयोग पुर्याउने व्यवसायीलाई जनाउने छ ।

(ट) "समूह" भन्नाले कृषि तथा पशुजन्य वस्तु उत्पादनमा संलग्न माथागढी गाउँपालिका भित्रका समुहहरूलाई जनाउनेछ ।

(ठ) "कृषि फर्म" भन्नाले कृषि तथा पशुजन्य वस्तु उत्पादनमा संलग्न माथागढी गाउँपालिका भित्रका कृषि फर्महरु लाई जनाउनेछ ।

## ३. अनुदान उपलब्ध गराउन सक्ने कृषि तथा पशुजन्य वस्तुहरूः .

क) गाउँपालिकाले आफ्नो स्वीकृत बजेटको परिधिभित्र रही पशुजन्य उत्पादन अन्तर्गत दुध, मासु र कृषिजन्य वस्तु अन्तर्गत तरकारी, फलफूल, मह तथा मसलाजन्य बालीमा अनुदान उपलब्ध गराउने छ ।कार्यपालिकाको बैठकले त्यस बर्षको लागि यस कार्यक्रममा सहभागी गराउने पशु तथा कृषिजन्य उपजको छनोट गर्नेछ ।

## ४. अनुदान उपलब्ध गराउने विधिः

क) कृषकहरूले अनुदान प्रास गर्नको लागि गाउँपालिकामा सुचिकृत भई छनौट भएको कृषि तथा बहुउदेश्यीय सहकारी/कृषक समूह मार्फत आफुले उत्पादन गरेको कृषि उपज विक्री वितरण गरेको हुनु पर्नेछ।

(ख) कृषि तथा बहुउदेश्यीय सहकारी/कृषक समूहहरुले कृषिजन्य वस्तु खरिद तथा विक्री गरेको अभिलेख कृषकगत रुपमा छुट्टाछुट्टै स्पष्टसँग अनुसूची १ बमोजिम राखेको हुनुपर्नेछ ।साथै सो अभिलेखको प्रतिलिपि गाउँपालिकामा प्रत्येक महिनाको ७ गते भित्र पेश गर्नुपर्नेछ ।

ग) कृषि तथा बहुउदेश्यीय सहकारी/कृषक समूहले राखेको अभिलेखको आधारमा सहकारी तथा वडा कार्यलयले गाउँपालिकालाई अर्धबार्षिक रुपमा विक्रीको परिमाण र अनुदान रकम सिफारिस गरी पठाउनु पर्नेछ।त्यसरी विवरण पठाउँदा कृषकगत रुपमा अनुसूची २ बमोजिम विवरण खुलाई पठाउनुपर्नेछ ।

(घ) कृषि तथा बहुउदेश्यीय सहकारी/कृषक समूह तथा वडाको सिफारिसको आधारमा पालिकाबाट कृषि तथा पशुजन्य वस्तुको विक्रीमा आधारित अनुदान रकम उपलब्ध हुनेछ।

अध्यक्ष

ङ) अनुदान उपलब्ध गराउँदा वडा कार्यलय र कृषि तथा बहुउदेश्यीय सहकारी/कृषक समूहले उपलब्ध गराएको बिक्रि अभिलेखको आधारमा सम्बन्धित कृषकहरुको बैंक खातामा अनुदान उपलब्ध गराईनेछ।

(च) गाउँपालिकाले कृषि तथा बहुउदेश्यीय सहकारी/कृषक समूहको अभिलेखको समय समयमा अनुगमन निरीक्षण गर्नेछ र झुट्टा विवरण राख्ने र पेश गर्ने समूह सहकारीहरुको सुची दर्ता खारेजी गरी त्यस्ता कृषि तथा बहुउदेश्यीय सहकारी/कृषक समूह मार्फत कृषि उत्पादन प्रोत्साहन अनुदान वितरण गरिने छैन र गाउँपालिकाबाट संचालन हुने अन्य जुनसुकै कार्यक्रममा सहभागी गराइनेछैन ।

(छ) कृषि तथा पशुजन्य वस्तुको विक्रीमा सहजीकरण गर्ने कृषि तथा बहुउदेश्यीय सहकारी/कृषक समूहहरुलाई व्यवस्थापन खर्च बापत गाउँपालिका कार्यपालिकाले निर्णय गरेर तोकिए बमोजिमको रकम उपलब्ध गराउन सक्नेछ।

(ज) यो कार्यविधि स्वीकृत भएपश्चात समुह/सहकारी मार्फत विक्री वितरण गरी अभिलेखीकरण गरिएका कृषकहरुलाई मात्र अनुदान उपलब्ध गराईनेछ ।

(झ) कृषि तथा पशुजन्य वस्तु विक्री वितरणमा संलग्न हुन चाहने कृषि तथा बहुउदेश्यीय सहकारी/कृषक समूह ले आफ्नो दर्ता प्रमाणपत्रसहित वडामा निवेदन पेश गर्नुपर्नेछ र निवेदनको आधारमा वडाले पालिकामा सिफारिस गरिसकेपश्चात उक्त कार्यमा संलग्न हुन गाउँपालिकाले अनुमति दिनेछ । यसरी अनुमति प्राप्त गरिसकेपश्चात बिक्रि वितरणकर्ताले विक्री वितरणको अभिलेख राख्न शुरु गर्नेछ ।

ञ) कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदानलाई नियमित अनुगमन तथा निरिक्षण गरी पारदर्शी बनाउनको लागि प्रत्येक वडामा तपसिल बमोजिमको वडा स्तरीय अनुगमन समिति हुनेछ र यसै समितिको सिफारिसमा वडा कार्यलयले भुक्तानीको सिफारिस गर्नेछ ।

| | |
|---|---|
| १. वडा अध्यक्ष | - संयोजक |
| २. वडा अध्यक्षले तोकेको वडा सदस्य (१ जना) | - सदस्य |
| ३. सम्वन्धित वडा हेर्ने कृषि/पशु प्राविधिक | - सदस्य सचिब |

अध्यक्ष

अध्यक्ष

### ५. उपलब्ध गराइने अनुदान रकमः

५.१ कृषकहरूलाई बिक्रीको आधारमा प्रति इकाईको अनुदान रकम उक्त बर्षको लागि सम्बन्धित कार्यक्रममा विनियोजित बजेटको आधारमा प्रत्येक बर्ष कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

| सि.नं. | वाली वस्तु | न्युनतम उत्पादन के.जी. /लिटर |
|---|---|---|
| १. | दुध | ९० लि./मासिक |
| २. | मासु | १०० के.जी./बार्षिक |
| ३. | तरकारी/मसला बाली/फलफुल | ३०० के.जी./बार्षिक |
| ४. | मह | ५० के.जी./बार्षिक |

### ६. कृषि तथा पशुजन्य वस्तुको खरिद तथा विक्री मूल्यः

क) कृषि तथा बहुउदेश्यीय सहकारी/कृषक समूहहरूले आफ्ना सबै सदस्यहरूको सहभागितामा कृषि तथा पशुजन्य वस्तुको खरिद तथा विक्री मूल्य निर्धारण गर्न सक्नेछन् ।

(ख) कृषि तथा पशुजन्य वस्तुको मूल्य निर्धारण गर्दा उत्पादित वस्तुको प्रकृति हेरी बार्षिक, चौमासिक, मासिक वा दैनिक रुपमा मूल्य निर्धारण गर्न सक्नेछन् ।

(ग) कृषकहरुको सहभागितामा कृषि तथा बहुउदेश्यीय सहकारी/कृषक समूहले निर्धारण गरेका मूल्यको सूचि सबैले देख्ने गरी संकलन केन्द्रमा टाँस गर्नुपर्नेछ ।

अध्यक्ष

अध्यक्ष

(घ) खरिद र बिक्रीको मूल्य निर्धारण गर्दा यथासक्य खरिद र बिक्री मूल्य विचको अन्तर कम हुनु पर्नेछ तर मूल्य निर्धारण गर्दा भण्डार अवधिमा हुन सक्ने नोक्सानीलाई समेत ध्यान दिनुपर्नेछ ।
ङ) खरिद र बिक्री मूल्यविच हुने अन्तरबाट हुने आम्दानी सम्बन्धित सहकारीको हुनेछ र उक्त रकम कृषि तथा बहुउदेश्यीय सहकारी/कृषक समूहले संस्थाको निर्णय बमोजिम कर्मचारी व्यवस्थापन लगायत सहकारीको अन्य व्यवस्थापकीय खर्चमा लगाउन सक्नेछ।

च) कृषि तथा पशुजन्य वस्तुको मूल्य निर्धारणको क्रममा सम्बन्धित वडा कार्यालय तथा गाउँपालिकाको कृषि तथा पशुसेवा शाखालाई सहजिकरणको लागि कृषि तथा बहुउदेश्यीय सहकारी/कृषक समूहले आमन्त्रण गर्न सक्नेछन् ।

**७. अनुदान रकम निकासा:** बिक्रीमा आधारित अनुदान उपलब्ध गराउँदा गाउँपालिका बाट अर्धबार्षिक रुपमा उपलब्ध गराउन सकिनेछ ।

**८. अन्य क्षेत्रमा अनुदान:** बिक्रीमा आधारित अनुदान बाहेक गाउँसभाबाट स्वीकृत कार्यक्रम बमोजिमको कृषि तथा पशुक्षेत्रको अनुदान प्रदान गर्न यो कार्यविधिले बाधा पुर्याएको मानिने छैन ।

**९.बाधा अड्काउ फुकाउने:** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँ कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

**१०.परिमार्जन तथा संशोधन:** कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

समाप्त

अध्यक्ष

मायागढी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
झडेवा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

अनुसूची १

## (कृषकबाट कृषि/पशु उपज खरिद गर्दा भर्नुपर्ने विवरण)

अध्यक्ष

| क्र. स. | कृषकको नाम थर | ठेगाना | मिती | कृषि/ पशुजन्य उपज | खरीद दर (रु.) | परिमाण | जम्मा खरीद मूल्य (रु.) | सम्पर्क नं | कृषकको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

कृषि/पशु उपज बुझी लिनेको नामथर :
पद :
कृषि समुह/सहकारीको नाम :
दस्तखत :

अध्यक्ष

अनुसूची २ :

अध्यक्ष

(जम्मा कृषि/पशुजन्य उपज तथा अनुदान रकम पेश गर्दा भर्नुपर्ने विवरण)

| क्र. सं. | कृषकको नाम थर | ठेगाना | कृषि/ पशुजन्य उपज | खरीद दर (रु.) | जम्मा परिमाण | जम्मा खरीद मूल्य (रु.) | अनुदान रकम | सम्पर्क नं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

<u>पेश गर्ने</u>

नामथर :

पद :

कृषि समुह/सहकारीको नाम :

दस्तखत :

अध्यक्ष